दर्ता नं. : २५९१/२५०

# काठमाडौं तालिम केन्द्र

अमरावती मार्ग, कोटेश्वर, काठमाडौं

# Kathmandu Training Center

Amarawati Marg, Koteshwor, Kathmandu

2002

---

मितिः २०७६/०२/३०

श्री सुचना शाखा
सुचना गरिदिने

श्री अध्यक्ष ज्यू

......जानकी...... गाउँपालिका

......बाँके......

विषयः **सामाजिक परिचालन तालिममा सहभागी छनौट गरी पठाइदिनु हुन ।**

महोदय,

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) बाट सम्बन्धन प्राप्त यस काठमाण्डौ तालिम केन्द्रमा विगत १७ वर्षदेखि प्राविधिक एसएलसी (TSLC) १८ महिने **सामाजिक परिचालन (Social Mobilization-SM) कोर्ष** मा तालिम संचालन गरिरहेको कुरा अवगत गराउँदछौं । उक्त कोर्षमा अध्ययन गर्ने विशेष गरी दुर्गम तथा पिछडिएका जिल्लाहरुमा रहेका दलित, महिला, आदिवासी जनजाति, मधेशी तथा अन्य प्रशिक्षार्थीहरुका लागि **व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना (EVENT)** को छात्रवृत्ति र **काठमाण्डौं तालिम केन्द्रको** समेत वर्गीकृत छात्रवृत्तिमा तालिम दिदै आएको व्यहोरा अवगत गराउँदछौं । यस कोर्षमा अध्ययन गर्ने प्रशिक्षार्थीहरुलाई १२ महिना तालिम पूरा गरेपछि नेपाल सरकारका स्थानीय निकायका महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका तथा गाउँपालिका, गैह्र सरकारी संस्था, अन्तर्राष्ट्रिय गैह्र सरकारी संस्था तथा निजी स्तरका संघ/ संस्थाहरुमा रोजगारीमा पठाउने काम यस केन्द्रले गर्दै आइरहेको कुरा समेत जानकारी गराउँदछौं । हालसम्म यस केन्द्रबाट तालिम प्राप्त ५७० जना सामाजिक परिचालकहरु विभिन्न संघ संस्थामा आबद्ध छन् ।

हाल नेपालमा संघीयतालाई संस्थागत गरी संघ, प्रदेश र स्थानीय निकायलाई प्रभावकारी कार्यान्वयन गर्न अति नै जरुरी छ । उक्त कार्यलाई आत्मसात गर्न यस तालिम केन्द्रले स्थानीय समुदायको सशक्तिकरण गराउन सक्दो सहयोग पुऱ्याउदै आएको र समुदायलाई सशक्त गर्ने काम अहिलेको मुख्य कार्य भएकोले उत्पादित सामाजिक परिचालकहरुबाट सकारात्मक तथा उल्लेखनीय भूमिका खेल्ने आशा राखेका छौं । त्यसैले उक्त **सामाजिक परिचालन (Social Mobilization - SM)** कोर्षमा यस वर्ष २०७६/०७७ को लागि भर्ना खुलेको व्यहोरा अवगत गराउँदछौं । तसर्थ यहाँहरुको गाउँपालिका क्षेत्रमा S.E.E., S.L.C. वा I. A. वा (१०+२) पास गरेका इच्छुक जेहेन्दार विद्यार्थीहरुलाई प्रोत्साहित गरी फाराम भर्न यही २०७६ साल आषाढ मसान्तसम्म यस तालिम केन्द्रमा सम्पर्क गराई दिनुहुन अनुरोध गर्दछौं । विस्तृत जानकारीको लागि आवश्यक कागजात यसै पत्रसाथ संलग्न गरिएको छ । सहयोगको लीग धन्यवाद ।

भवदीय,

..........................

राजबहादुर गिरी

कार्यकारी निर्देशक

*पुनश्चः यस पत्रको साथमा भएएको पर्चाद्वारा यहाँको वडा कार्यालयहरुमा पनि जानकारी*